नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मितिः ...................................

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय ललितपुर

मितिः २०८०।०७।२४

# जिल्ला प्रशासन कार्यालय ललितपुरको जरुरी सूचना।

बिक्रम सम्वत् २०८० सालको शुभ दिपावली (तिहार), नेपाल सम्वत, छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दै आपसी सद्भाव एवम् सौहार्दताकासाथ मर्यादित तवरले चाडपर्वहरु मनाउनु हुन अनुरोध गर्दछौं। साथै, चाडपर्वको समयमा तपशिल बमोजिम गर्न गराउन सम्पूर्ण सबैमा अनुरोध गरिन्छ।

१. भूइचम्पा, पटाका, आतिशबाजी जस्ता विष्फोटक र ज्वलनशील वस्तु एवम् पदार्थको प्रयोगले आगलागी, धनजनमा क्षति हुनसक्ने सम्भावना भएकोले त्यस्ता विष्फोटक पदार्थको ओसारपसार, खरिदबिक्रिमा पूर्णतः रोक लगाएको व्यहोरा जानकारी गराउँदै यदि कोही कसैबाट यस किसिमका गैरकानूनी क्रियाकलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिने छ।

२. तिहारमा देउसी एवम् भैलोको कार्यक्रम मर्यादित रुपमा सञ्चालन गर्नु हुन।

३. तिहार, छठ लगायतका पर्वमा प्लाष्टिकजन्य फूल गुच्छा आयात निर्यात बिक्रीवितरण वा भण्डारण नगर्नु नगराउनु हुन।

४. तिहार तथा छठ पर्वमा जुवा, तास लंगुरबुर्जा खेल्ने खेलाउने कार्य कोही कसैले नगर्न नगराउनु हुन।

५. मादक पदार्थ सेवन गरी होहल्ला, तथा झै-झगडा गरी सार्वजनिक शान्ति सुव्यवस्था खल्वल्याउने लगायतका गैर कानूनी गतिविधि भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

मितिः २०८० साल कार्तिक २४ गते ।

२०८०।०७।२४

अमर दिप सुनुवार
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी